## सामाजिक विकास मंत्रालयबाट आव २०७५/७६ मा सम्पादित प्रमुख कार्य एवं उपलब्धीहरू

### स्वास्थ्य क्षेत्रमा सम्पादित प्रमुख कार्य एवं उपलब्धीहरू

- जटिल प्रसुती तथा आकस्मिक अवस्थामा जीवन रक्षाको लागि हवाइ तथा स्थलगत उद्धार (१५ वटा हवाइ उद्धार) गरी जीवन रक्षा गरिएको
- मातृ मृत्यु (गत १९ हाल ९), नवजात (गत ७० हाल ६५) मृत्युमा कमी आएको
- २ जिल्ला (दैलेख, सुर्खेत) र ५७ स्थानीय तहहरू पूर्णखोप घोषणा भै अन्य जिल्ला र स्थानीय तहहरू पनि पूर्णखोपको अवस्था तर्फ उन्मुख रहेको
- पोषणको अवस्थामा क्रमिक सुधार हुँदै गएको (५ बर्ष मूनिका कम तौल भएका बच्चा गत ८ हाल ५%)
- झाडापखाला (गत ७०९ हाल ६०६ प्रतिहजार, <५ बर्ष) र श्वासप्रश्वास सम्बन्धी घटना दर (गत ९५० हाल ८५९ प्रतिहजार, <५ बर्ष) घटदै गएको
- प्रकोप र महामारी को दर घटदै गएको, यथासक्य छिटो प्रतिकार्य गरिएको (हुम्ला-भाइरल, मुगु-औलो, कालिकोट-कालाजार, डोल्पा-टाइफाइड, जाजरकोट-झाडापखाला)
- सम्भावित महामारीको लागि सतर्कता अपनाइएको, कुनै महामारीको अवस्था नआएको
- संक्रामक र किटजन्य रोगहरूको निगरानी प्रणाली(EWARS) लाइ सवै अस्पतालहरू (११ वटा) मा रोल आउट गरी ब्यवस्थित गरिएको
- क्षयरोग, कुष्ठरोग,औलो, एच.आइ.भि., कालाजार आदि रोगका बिरामी पहिचान गरी उपचारको दायरामा ल्याइएको (टि.बि.१३२३, कुष्ठरोग ६५, औलो २५३- मुगु १६६, एच.आइ.भि.२८) साथै सहयोगी सामग्री वितरण गरिएको
- औषधि र स्वास्थ्य उपकरणहरूको आपूर्तिमा सहजता भएको, मेडिकल स्टोरको व्यवस्थापन
- विभिन्न स्थानहरूमा साधारण तथा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन (सल्यान, कालिकोट, दैलेख, हुम्ला, सुर्खेत, मुगु)-जम्मा ३९ स्थानमा र ३३०३३ जनालाइ सेवा दिइएको
- सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको बृद्धी भएको (गत ४३३ हाल ५१६), सेवामा जनसंख्याको पहुँच बढदै गएको
- स्वास्थ्य सूचना प्रणाली लाइ सूचना प्रविधिमा आधारित गरी ७९ वटै स्थानीय तह र १०२ वटा स्वास्थ्य संस्थामा मा (dhis2) रोल आउट एवं ब्यवस्थित गरिएको ।
- ५० वटा बर्थिङ सेण्टरहरू सुधारको लागि स्रोत ब्यवस्थापन, स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधार विकास/सुधार
- ५० स्थानमा सामुदायिक/शहरी स्वास्थ्य एकाइहरूको स्थापना

- प्रदेशमा स्वास्थ्य आपूर्ति केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, तालिम केन्द्र, ३०० सैयाको प्रदेश अस्पताल, स्वास्थ्य आपतकालिन केन्द्र र प्रदेश आयुर्वेद औषधालयको स्थापना र सञ्चालन
- आयुर्वेदिक रूरल फार्मेसी स्थापना गरी ८ किसिमका आयुर्वेदिक औषधि उत्पादन शुरू
- विभिन्न जिल्ला अस्पतालहरूमा एम्बुलेन्स खरिद (कालिकोट, दैलेख, हुम्ला, डोल्पा)
- खोप, पोषण, बिरामी ब्यवस्थापन, सुरक्षित मातृत्व, परिवार नियोजन, चिकित्सा सेवा, रोग नियन्त्रण, स्वास्थ्य प्रबर्धन, प्रयोगशाला आदि सेवाहरू नियमित रूपमा सुचारू गरिएको
- प्रादेशिक आकस्मिक स्वास्थ्य प्रतिकार्य (कन्टेन्जेन्सी) योजना तयार पारिएको
- प्रदेशको आंखाको समस्या सर्वेक्षण, चौरजहारी अस्पतालमा आंखा उपचार युनिट तयार भैरहेको
- स्वास्थ्य नीति, स्वास्थ्य ऐन, विभिन्न रणनीतिहरूको मस्यौदा, कार्य सञ्चालन निर्देशिका तयारी

स्वास्थ्य जाँच तथा योग शिवीरका झलक



**शिक्षा र खेलकूद: सम्पादित प्रमुख कृयाकलाप एवं उपलब्धीहरू**

- २०८ विद्यालहरूको भौतिक पुर्वाधारको गुणस्तरमा सुधार
- १५६ विद्यालयमा ४६२ नयाँ कक्षा कोठा निर्माण भएको,
- विद्यार्थी प्रतिभा पहिचान, युवा वैज्ञानिक प्रोत्साहन, शिक्षक प्रोत्साहन कार्यक्रम प्रभावकारी भएको,

- प्राविधिक डिप्लोमा अध्ययन गर्ने १७७ जनाले छोरीबुहारी छात्रवृत्ती प्राप्त गरेका (अधिकतम वार्षिक १,२६,००० सम्म),
- उच्च शिक्षा अध्ययन गर्न २१ अपाङ्ग, ४९ दलित र १ शहिद सन्तती सहित १२३ जनाले छात्रवृत्ति प्राप्त गरेका (अधिकतम वार्षिक २४,००० सम्म),
- प्रदेश भित्रको शैक्षिक सूचना प्रणाली विकास गरिएको,
- २४ वटा वालविकास केन्द्र नमूनाको रुपमा विकास भएको,




- सिकाई उपलब्धी अभिवृद्धि कार्यक्रमबाट २४ वटा विद्यालयमा गुणस्तर सुधारको काम अगाडि बढेको
- भौतिक सुधार कार्यक्रमबाट विद्यालय, विद्यार्थी लाभान्वित र दुर्गम स्थानले पनि अवसर पाएको ।
- सिद्ध वहिरा विद्यालयको पक्की घेरावारको काम सम्पन्न भएको
- प्रदेशस्तरीय दलित छात्रावास निर्माणको काम थालनी भएको
- प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १/१ वटा विद्यालय खेल मैदान निर्माण भएको
- विषेश शिक्षा संचालित ४ वटा विद्यालयको भौतिक मर्मत सम्पन्न भएको ।
- २२४४ जना शिक्षकहरूलाइ पेशागत विकास तालिम प्रदान गरिएको
- स्वयंसेवक छनोट परीक्षा सञ्चालन गरी १३३ जना स्वयंसेवकहरूलाइ विभिन्न निकायमा खटाइएको तथा १०८८ जनाको रोष्टर बनाइएको ।
- राष्ट्रपति रनिङ शिल्ड भलिवल प्रतियोगितामा १० जिल्लाका महिला १० र पुरूष १० टिम सहभागी











**सामाजिक विकास महाशाखाबाट: सम्पादित प्रमुख कृयाकलापहरू एवं उपलब्धीहरू**

- राउटे समुदायको सामाजिकिकरण अन्तर्गत संचालित कार्यक्रमका कारण उक्त १४६ जनाको समुदायमा सरसफाई तथा व्यबहारीक रुपान्तरण शुरु भएको र राउटेबाटै परामर्शकर्ता नियुक्त

- ६८३ जना हिंसा प्रभावित महिला तथा बालबालिका हरुले सेवाकेन्द्र मार्फत सेवा प्राप्त गरेका



- ४१ जना सडक बालबालिका हरुले पुनस्थापना मार्फत सेवा प्राप्त गरेका
- ३३ जना सहारा विहिन सडक मानवहरुले आवासीय आश्रय सहितको सेवा प्राप्त गरेकाछन् भने १४ जना परिवार मिलन भए
- १४८ जना महिला, १३१ जना दलित समुदायका व्यक्तिहरु ७५ जना हिंसाप्रभावित महिला तथा १४० जना अपाङ्गता भएका व्यक्तिहरु गरी जम्मा ५२७ जनाले सिपविकास तालिम मार्फत व्यवसायीक दक्षता प्राप्त गरेको
- २३ जना ज्येष्ठ नागरिकहरुले बृद्धाश्रममार्फत आवासिय सेवा लिएको

दिवासेवा केन्द्र मार्फत दैनिक रुपमा करिब ७९० जना ज्येष्ठ नागरिकहरुले सेवा लिएको ।

**श्रम र रोजगार: सम्पादित प्रमुख कृयाकलाप एवं उपलब्धीहरू**

- श्रम तथा रोजगार विकास तथा प्रबर्धनका लागि कर्णाली सम्मेलनमा ७९ पालिका लगायत अन्य स्थानबाट ३०८ जना सहभागी भई प्रतिवद्दता गरेको
- श्रम तथा रोजगार प्रबर्धन नीति पारित भै कार्यान्वयनमा रहेको

- रोजगार ब्यवस्थापन सूचना प्रबर्धन
- सुरक्षित आप्रवासन परामर्श तथा सहायता कक्ष सञ्चालन (जिल्ला प्रशासन कार्यालय, सुर्खेत)
- दलित, अपांग तथा बिपन्न वर्गलाइ सीपमूलक तालिम तथा सीपजन्य सामग्री वितरण (३३६३ जना)

